**<u>प्रेस विज्ञप्ति</u>**

**२०८१ असार १७ गते**

# उठीवास होइन, आवासको अधिकारको ग्यारेन्टी गर !

सरकारद्वारा देशका विभिन्न स्थानमा दशकौदेखि बसोवास गरिरहेका भूमिहीन सुकुमबासीहरूको बस्तीमा डोजर लगाउँदै जबर्जस्ती उठीवास लगाउने कार्य गरिरहेकोमा गम्भीर ध्यानकर्षण भएको छ । मौलिक तथा कानूनी हकको रूपमा प्रत्याभूत गरिएको आवासको हकको कानूनी प्रत्याभूति एकातर्फ देखिन्छ भने अर्कोतर्फ भूमिहीन, सुकुमबासी तथा आर्थिकरूपमा विपन्न परिवारको बिना पहिचान र बिना विकल्प उठीवास लगाउने कार्य विरोधाभाषपूर्ण देखिन्छ ।

भूमिहीन नागरिकहरूको उठीवास लगाउने कार्य देशका विभिन्न भागमा भइरहेको छ । यसक्रमको पछिल्लो घटना २०८१ असार ९ गते धनगढी उपमहानगरपालिकाले वडा नं. १ कैलालीको पूरानो एयरपोर्टको हसनपुरमा २०५९ सालदेखि बसोवास गर्दै आएका १० भूमिहीन परिवारको घर भत्काइएको छ । यी परिवारलाई उपमहानगरपालिकाले नै भूमिहीन र अव्यवस्थित बसोवासीको निस्सा समेत उपलब्ध गराएको थियो ।

त्यस्तै असार ११ गते कैलालीकै भजनी नगरपालिकाको वडा नं. १ र ९ मा बसोवास गर्दै आएका बाढी पीडितहरूको आवासमा पनि जिल्ला वन कार्यालयले स्थानीय सरकारसमेतलाई कुनै पत्तो नदिई जबर्जस्ती डोजर चलाई करिब ५ सय परिवारहरूलाई बिचल्ली बनाएको छ ।

गरिब र सीमान्तकृत भूमिहीन नागरिकहरूको आवासको लागि कुनै वैकल्पिक प्रबन्धसमेत नगरी वर्षौंदेखि उनीहरूले बसोवास गरेको आवासमा हठात् डोजर लगाई जबर्जस्ती उठीवास लगाउने कार्यले उनीहरूको जीवन, मर्यादा, सुरक्षा, स्वास्थ्य, खाद्य र आवासलगायतका संवैधानिक मौलिक हकको गम्भीर उल्लङ्घन हुन पुगेको छ ।

बिघौं बिघा जमिन कब्जा गरेर बसेका साथै हदबन्दी बढी जग्गा भएकाहरूबाट एक धुर जमिन फिर्ता लिन नसक्नु तर आवासको कुनै उपाय नभएर सरकारी जमिनमा बसोबास गरिरहेका नागरिकहरूलाई कुनै विकल्प नदिई आवासविहीन बनाइनु सरकारको लागि सरमको विषय हुनुपर्ने हो । यस्तो चरम गर्मी र तातो हावा चलिरहेको र मनसुनी वर्षा पनि सुरू भइसकेको अवस्थामा यसरी विचल्लीमा परेका नागरिकहरूको सामान्य सुरक्षा र आधारभूत मानवअधिकारको पनि ख्याल नगरी सरकारी निकायबाट भएको यो कदम संविधान, कानुन र मानव अधिकारको सिद्धन्त र अन्तर्राष्ट्रिय मापदण्ड विपरित छ ।

नेपालको संविधानको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रत्याभूत गरिएको छ । संविधानमा दलितको हकअन्तर्गत धारा ४० (५) मा भूमिहीन दलितले भूमि प्राप्त गर्ने अधिकार संरक्षित छ । भूमि ऐनको आठौँ संशोधनमा भूमि आयोगको गठन र सो आयोगको कारवाहीबाट भूमिहीनता र सुकुमबासीहरूको समस्या सम्बोधन गर्नका लागि प्रक्रियाहरू पनि जारी रहेकै छ । तर स्वेच्छाचारीतामा रमाउने कतिपय सरकारी निकायका गैरजिम्मेवार गतिविधिहरूले सरकारको दोहोरो चरित्र र व्यवहारलाई उजागर गरिरहेको छ र यसले सर्वसाधारण नागरिकलाई थप मारमा पारिरहेको छ ।

मानवअधिकारको सिद्धान्त र मर्मअनुसार भूमिहीन र अव्यवस्थित बसोबासीलाई उनीहरूको आवासबाट कुनै विशेष कारणले हटाउनुपर्ने भएमा उनीहरूसँगको परामर्श र सहमतिमा मात्रै उनीहरूलाई उचित स्थानमा पुनर्स्थापना गर्नुपर्छ । जबर्जस्ती निष्कासन गर्ने कार्य समस्याको समाधान नभएकोले सबै तहका सरकारहरूले आपसी समन्वय र सहकार्यमा समस्याको दिगो समाधानका लागि मानवअधिकारलाई केन्द्रमा राखेर नीति र योजना कार्यान्वयन गर्नुपर्छ ।

धनगढी उपमहानगरपालिकालगायत देशैभरका तीनै तहका सरकारी निकाय र कार्यालयहरूलाई आफ्नो कार्यको समीक्षा गर्दै उठीवास लगाइएका परिवारको जीविकोपार्जन सुनिश्चित हुन सक्नेगरी उपयुक्त स्थानमा तुरुन्त पुनर्स्थापना गर्न र अन्यत्र कहीँकतै प्रभावितहरूसँगका परामर्श र सहमतिमा अन्य कुनै विकल्प तय नगरी कुनै पनि उठीवासजन्य कार्य नगर्न नगराउन अपिल गर्दछौँ। साथै सङ्घीय सरकारलाई यथाशीघ्र भूमि आयोग गठन गरी भूमिहीनलाई भूमि उपलब्ध गराउने वाचा पूरा गर्न जोडदार माग गर्दछौँ।

**ल्यामबहादुर दर्जी**
अध्यक्ष
राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

**मोहन ओड**
अध्यक्ष
राष्ट्रिय दलित नेटवर्क

**भगवती अधिकारी**
कार्यकारी निर्देशक
नेपाल महिला एकता समाज

**निराजन थपलिया**
निर्देशक
एम्नेस्टी इन्टरनेसनल नेपाल

**जगत देउजा**
कार्यकारी निर्देशक
आत्मनिर्भर सेवा केन्द्र

**विष्णुप्रसाद** पोखरेल
उपकार्यकारी निर्देशक
जुरी नेपाल

**सरिता लामा**
सहजकर्ता
राष्ट्रिय भूमि सञ्जाल, नेपाल

**धनेज थापा**
कार्यकारी निर्देशक
कोलार्प नेपाल

**शैलेन्द्र राई**
कार्यकारी निर्देशक
अभियान नेपाल

**कृष्णकुमार चौधरी**
अध्यक्ष
स्वान नेपाल दाङ